पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८३।०२।१२ गते आ.ब. २०८२/८३ बैठक सङ्ख्याः- १४

**निर्णय नं. १ः** अघिल्लो कार्यपालिकाको सम्पूर्ण निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन भएकोमा सोको समीक्षा गरियो।

**निर्णय नं.२ः** पैयूँ गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रतिवेदन पेस गर्ने जिम्मा पाएको परामर्श दाता ह्युमन डेभलपमेन्ट एण्ड रिसर्च सेन्टर नेपाल प्रा.लि.ललितपुरबाट यस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८२ तयार गरी पेश भएकोमा उक्त प्रतिवेदन उपर मुल्याङ्कन तथा राय सुझावको लागि मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय गण्डकी प्रदेश पोखरामा पठाउने निर्णय।

**निर्णय नं. ३ः** नेपाल सरकार भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८३।०१।१७को पत्र तथा मिति२०८३।०१।१० गतेको सूचना अनुसार यस गाउँपालिकाबाट भूमि व्यवस्थापन सम्बन्धी सेवा प्रवाहको लागि आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्न प्रकिया अघि बढाउने निर्णय गरियो।

**निर्णय नं. ३ः** पैयूँ गाउँपालिका कृषि शाखाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ५०% लागत साझेदारीमा कृषकलाई कफिका बिरुवा वितरणका गर्न सूचना प्रकाशन गरी कार्य प्रक्रिया अघि बढाउने निर्णय गरियो।

**निर्णय नं. ४ :** पैयूँ गाउँपालिका पशु शाखाको वार्षिक स्वीकृत कार्यक्रम गाई भैसी प्रबर्द्धन कार्यक्रम अन्तर्गत आवेदन पेश गर्न प्रकाशित सूचना बमोजिम आवेदन पेस भएका फर्महरुमध्ये तपशिलको मूल्य र योग्यताक्रमको आधारमा पशुशाखाको अनुगमन तथा निरीक्षण पश्चात पशुफर्म स्वीकृत गर्ने निर्णय गरियो।

स्वीकृतिका लागि फर्महरुको आवश्यक योग्यता

१. न्यूनतम ४ भैसी वा गाई पालेको हुनुपर्ने
२. लागत साझेदारी गरिने फर्महरुले नेपाल सरकार, प्रदेश सरकार, अन्तर्गतका कार्यालयहरुबाट सोही शिर्षकमा मिल्ले गरी यो आर्थिक बर्षमा अनुदान प्राप्त नगरेको हुनुपर्ने।
३. भैसीको अधिक्तम मुल्य रु १,४०,००० कायम गर्ने।
४. खरिद गरेको मूल्य वा गाउँपालिकाले तोकेको अधिक्तम मुल्यमा जुन कम हुन्छ उक्त मूल्यमा ५० प्रतिशतको लागत साझेदारी गरिने।

**निर्णय नं. ५ः** पैयूँ गाउँपालिका स्वास्थ्य शाखाबाट पेश भई आएका तपशिल बमोजिमका कार्यविधि स्वीकृत गरि राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो।

- क्षयरोगका विरामीहरुलाई पोषण भत्ता वितरण कार्यविधि, २०८२,
- मानसिक रोगीहरुलाई निःशुल्क औषधी वितरण कार्यविधि, २०८२

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

तोरण मल्ल ठकुरी
अध्यक्ष

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८३।०२।१२ गते आ.ब. २०८२/८३ बैठक सङ्ख्याः- १४

**निर्णय नं. ६:** पैयूँ गाउँपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका निस्क्रिय सहकारी संस्थाहरुको पहिचन गरी विघटन तथा दर्ता खारेजमा जान उपयुक्त रहेका सहकारी संस्थाहरुलाई विघटन तथा दर्ता खारेजिको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं. ७:** यस गाउँपालिका र Kings Construction Company Pvt. Ltd. बीच ठेक्का नं. PRM/NCB/W/P/PAR/05/2081-82 बमोजिम Thuldanda, Dharamapani Paiyunkot Adhuro Padamarg Nirman, Paiyun GAPA -4 कार्यको लागी मिति २०८१/११/१९ गते सम्झौता भएकोमा उक्त योजना कार्यान्वयनको सिलसिंलामा विवाद उत्पन्न भएको हुँदा सो विवाद आपसी सहमतिमा समाधान हुन नसकेकोले सम्झौताको सर्त तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३५ मा विवाद समाधान सम्बन्धी व्यवस्था बमोजिम श्री अधिवक्ता डा. गजेन्द्र अर्याललाई यस पैयूँ गाउँपालिकाको तर्फबाट मध्यस्थ (Arbitrator) नियुक्ति गर्ने निर्णय गरियो।

**निर्णय नं. ८:** गाउँबेसी कृषक समुहलाई मकै खेती तर्फ आकर्षित गर्न मकैको विउ ढुवानीमा लागेको खर्चमा प्रोत्साहन स्वरुप १८,५००।- (अक्षरेपि अठार हजार पाँच सय मात्र) भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. ९:** जनसेवी युवा क्लब त्रिवेणीलाई खेलकुद कार्यक्रम संचालनमा लागेको संचालन खर्च वापत रु १,००,०००।-(अक्षरेपि एक लाख मात्र) चालु आवको शिक्षा युवा तथा खेलकुद शाखा अन्तर्गत युवा क्लवहरुलाई प्रस्तावनाको आधारमा अनुदान शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. १०:** NWASH को काम गर्न सम्झौता गरिएका कर्मचारी गंगा बहादुर वि.क.को २०८३ आषाढ १५ गते सम्म म्याद थप गर्ने निर्णय गरियो।

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

तोरण मल्ल ठकुरी
अध्यक्ष